## 'कर्पोरेट प्लान' सहित आएको

# 'रिफ्लेक्सन्ज् अभ् लभ'



**वास्तवमा** संगित क्षेत्र मेरो लागि नितान्त शोखको विषय हो । यसमा म व्यवसायिकता चाहन्न र सोच्दिन पनि । स्कूले उमेर छदाँको कुरा हो हामी साथीहरू विभिन्न स्कूल प्रोग्रामहरूमा गीतहरू गाउथ्यौं । साथमा गितार पनि बजाउन्थ्यौं अझ विशेष कुरा त म गाउँथे पनि । यिनै थिए संगितसँग मेरा पुराना दिनहरू । बिस्तारै समयसँगै गाउन-बजाउन भन्दा पनि म गीत लेखन र साहित्य तर्फ बढी नजिकिन थाले । गायन र गितार बजाउनु भन्दा पनि मेरो लागि लेखन महत्वपूर्ण हुँदै गयो र त्यो आज सम्म पनि मेरो जीवनको महत्वपूर्ण हिस्सा बनेको छ । आजकाल त यस्तो लाग्छ कि संगित बिना त म अपूर्ण छु ।

अभ् लभ', जुन अहिले बजारमा छ, यसको सोच नेपाली संगित क्षेत्रको अवस्थाकै कारण आएको हो । मेरो दास्रो एल्वम 'तिम्रै नाममा' का लागि काम गर्दा संगितकार न्ह्यू बज्राचार्यसँग मेरो निकटता निकै बढेर गएको थियो । हामी बीच नेपाली संगितका बारेमा घण्टौ छलफल हुन्थ्यो । यस्तै छलफलको क्रममा त्यसबेलाका नेपाली शब्द, संगितबाट बिस्तारै गितमा हुनुपर्ने माधुर्यता कम हुँदै गएको हो कि हामीले ठान्यौं । यसका लागि केहि गर्नुपर्छ भन्ने सोचेर नै नयाँ एल्वमका लागि काम शुरू गरिएको थियो । संगितमा माधुर्यताका लागि मायाको बारेमा गितहरू लेख्न मैले शुरू गरे । 'रिफ्लेक्सन्ज् अभ् लभ' शुरुमा नाम जुराएर त्यसपछी गितहरू लेख्न थालिएको हैन । मैले त केवल नेपाली संगित क्षेत्रमा मायाको गितहरूको कमी भएको हो कि भन्ने महशुस गरेर त्यस विषयका गितहरूको लेखन थालेको थिए । त्यसबखत झण्डै १३-१४ वटा गितहरू तयार भए । यसै क्रममा माया भन्दा बाहेकका, अन्य गीतहरू पनि मैले लेख्न भ्याए । मैले लेखेका गित मध्ये १० वटा छानियो, नयाँ एल्बमका लागि । त्यसमा केही मैले धेरै अगाडि लेखेका गीतहरूपनि परेका छन् । मैले १९९१ मा लेखेको 'वर्षौदेखि...' पनि एल्बममा समावेश गरिएको छ । केहि परिमार्जन गरेर न्ह्यूले संगित र विभिन्न गायक-गायिकाले गाएपछि एल्वम तयार भयो । तर एउटा महत्वपूर्ण काम त बाँकी नै थियो नाम जुराउने । नामका लागि धेरै सोच-विचार गरियो । मैले त अझ एकदम साहित्यीक पाराको नाम राख्न चाहेको थिए । 'अधरका बान्कीहरू' राखौ कि भन्ने पनि लागेको थियो । तर त्यससँगै अर्को मनले सोचिरहको थियो, एल्वम त मैले नेपाली संगितप्रेमिहरूका लागि गर्दैछु भने नाम पनि त्यही अनुसारको गर्दा अझ राम्रो पो हुन्छकी ? मैले आइपोड र मोबाइलमा गित सुन्दै रमाउने पछिल्लो पुस्ताका लागि समेत सुहाउने नाम राख्न चाहन्थे । मेरो घर परिवारले गितहरू सुनी सकेपछि नाम पनि जुऱ्यो । मेरी छोरीले पुरै गितहरू मायामा आधारीत छन् भने, शिर्षक पनि 'रिफ्लेक्सन्ज् अभ् लभ' - प्रतिविम्व माया राख्नु पर्छ भनिन् । मलाई पनि यो उपयुक्त लाग्यो र नेपाली संगित क्षेत्रमा एउटा नयाँ एल्वम पनि समावेश भयो ।

'रिफ्लेक्सन्ज् अभ् लभ' एल्बमको कामको लागि मैले झण्डै २ सय घण्टा त न्ह्यू बज्राचार्यको स्टुडियोमा नै बिताएको थिए । कति गितका छन्दहरू त्यही नै बनेका छन् भने, बनेकाहरूलाई अझ राम्रो बनाउने प्रयासका लागि नयाँ शब्द पनि थपिएका थिए, न्ह्यू र मेरो सल्लाह पछि । यस्तै-यस्तै गर्दा कम्तीमा ४ महिना लाग्यो एल्बम तयार हुन । कर्पोरेट क्षेत्रको व्यक्ति भएकोले पनि होला धेरै जसो त म व्यस्त नै रहन्छु तर पनि समय, निकाल्न चाह्यो भने निस्कदो रहेछ । यो मैले एल्बम गर्दाको अनुभव पनि हो ।

'रिफ्लेक्सन्ज् अभ् लभ' नेपाली संगीत बजारमा नम्बर १ एल्बम बनाउन मैले दृढ संकल्प नै लिएको थिए भन्दा पनि हुन्छ । त्यस भन्दा अघिका मेरा दुई एल्बम 'माया बल्भेछ' र 'तिम्रै नाममा' का लागि मैले आफ्नो लेखन देखि संगीत सम्मका सबै कुराहरूमा मेहनत गरेको भएपनि बजारमा त्यती चलेन । नेपाली संगीत बजार ग्राहकमा निर्भर रहन्छ भन्ने कुरा त्यसपछि मैले थाहा




पाए । त्यसै कारण पनि 'रिफ्लेक्सन्ज् अभ् लभ' मा मैले सिकेका व्यवसायिक सिपहरूको पनि प्रयोग गरेको छु ।

यस एल्बमको लागि म आफूलाई सौभाग्यशाली नै ठान्छु । जे सोचेर मैले शब्द लेखे त्यस्तै खालको संगीत न्ह्युले एल्बमका लागि सिर्जना गरिदिएको छ । गायक-गायिकाको पनि स्वरमा मेरा गीतका शब्दका भावहरू मिसिएको म ठान्छु । यतिसम्म की भिडीयो डिरेक्टर र त्यसमा अभिनय गर्ने कलाकारहरूले पनि गीतका शब्दहरूको प्रतिनिधित्व गरिरहेको झै मैले अनुभव गरेको छु ।

*(अर्थविज्ञान आवरणका लागि महेश रानाभाटसँगको कुराकानीमा आधारीत)*



## सहकार्यका सम्झनाहरू

न्ह्यू बज्राचार्यले सम्झीए ०९१/९२ तिरको कुरा जब उनको वसन्त चौधरीसँग चिनजान भएको थियो । कविता र गित लेख्नमा रुचि भएका वसन्तसँगको भेट पछि बसन्तको शब्द, न्ह्यूको संगित र प्रतिभा राजभण्डारीको स्वरमा एउटा गित तयार भयो । जुन गित उनको र बसन्तको पहिलो सहकार्य थियो । त्यो गित पछिल्लो एल्वम 'रिफ्लेक्सन्ज अभ् लभ' मा समावेश गरिएको पनि रहेछ ।

"त्यस पछिको सहकार्य पछी हाम्रो भेट धेरै लामो समयसम्म हुन सकेन । भेटघाट गर्ने हाम्रो योजना पनि थिएन तर अचानक २००४ तिर बाटोमा भेट भइदियो", उनले विगतका कुराहरु सम्झदै थिए । "त्यसको लगतै हामी बीच फेरी नेपाली संगितका लागि केही नयाँ गर्ने सोच आयो । एउटा अध्यात्मीक र आत्मशान्तिका गीतहरु सहितको एल्वम निकाल्ने रहर वसन्त चौधरी सँग रहेछ ।" यस सँगै 'तिम्रै नाममा' एल्वमको लागि काम पनि भयो तर त्यो एल्बम बजारमा त्यती चलेन । मेहनत राम्रो भएपनि एल्वमले सोचे जस्तो बजार नपाएपछि दु:खी हुनु त स्वाभाविकै थियो । केहि समय अघि धेरै आर्टिष्टहरुले गाएको एउटा चर्चित गीत 'शान्ति लुकाउँ कहाँ...' पनि सोहि एल्वममा समावेश थियो तर त्यो एल्वममा रहेको गित उतिवेला भने चलेन ।

सोच आयो अघिल्लो एल्वमले हामीलाई केहि सिकायो पनि", न्ह्यूले भने । मायामा समर्पित एउटा एल्वम गर्ने सोच लगतै शुरु भएको थियो । उक्त नयाँ एल्बमका लागि गीत लेख्दा लेख्दै धेरै नै गीत तयार भए कतिपय गीतका शब्दहरु उनकै स्टुडियोमा पनि तयार भएको उनी बताउँछन् । बसन्तकै छेउमा उनले कम्पोज गरेको उनी सम्झदै न्ह्यू भन्छन्, "त्यस समयमा हामीबीच यति निकटता थियो कि उनको लेखन र मेरो संगितका स-साना कमजोरी पनि फ्याट्टै बताइहाल्ने । सायद यसै कारण पनि हुन सक्छ हाम्रो पछिल्लो सहकार्य श्रोताले मन पराइदिनुभएको छ ।" न्ह्यूका अनुसार मायाका गीत लेख्दा लेख्दै केही रमाइलो पाराको गीत पनि गर्ने हो की भन्दै निमाले गाएको 'एकफेर...' गीतको श्रृजना भएको थियो । नयाँ एल्वम तयार भइसक्दा पनि एल्वमको नाम थिएन तर केहि समयपछि नाम जुऱ्यो 'रिफ्लेक्सन्ज अभ् लभ' - प्रतिबिम्ब मायाको । यस सँगै शिर्षक अनुसारको अर्को गीत पनि तयार भयो र एड्रियन प्रधानले गाए 'यो गीत मेरो गीत मायाको प्रतिबिम्ब हो ...' । ●